# पशु  कल्यान प्रबर्दन कार्यक्रम सन्चालन कार्यविधि

# २०७९

**शारदा नगरपालिका नगर कार्यापालिकाको कार्यालय सल्यान**

**प्रमाणिकरण मितिः२०७९/०९/२९**

# पशु कल्यान प्रबर्दन कार्यक्रम सन्चालन कार्यविधि २०७९

**पृष्ठभुमि**

सम्पुर्ण प्राणी जगतको अस्तित्व रक्षा गरि वातावरण सन्तुलन कायम राख्न पशुपन्छीहरुको संरक्षण गर्नु पर्ने जिम्मेवारी विवेकशील प्राणिको नाताले मानवको काँधमा रहेको छ। हाल सबै जसो भु- भागमा अनुत्पादक बढी गाई तथा बाच्छाबाच्छी हरु छाडा तथा वेवारिसे छोडने प्रवृति देखापरेको छ ।यो मानबिय काम हुदै होइन छाडा छोडेका पशुलाई जसले जाहा पायो त्यही लखेट्ने कृषकहरुले कडा मेहेनतका साथ लगाइएको बालिनालि ति छाडा छोडेका पशुहरुले खाएर नोक्सानि पुर्याउने सडकमा सवारी साधन दुर्घटना निम्त्याउने असभ्यताको पहिचान पशु अधिकारको उलँघन लगाएत नकारात्मक सन्देश फैलाएको छ । यी पशुहरुको उचित ढंगले ब्यवस्थापन गर्नु मानब तथा राज्यको कर्तब्य हुन आउछ ।यी पशुहरुको उपयोगबाट गहुँत गोबर श्रमको उपयोग गरी खेतिपातिको लागि आवश्यक पर्ने मल र खेत जोत्न तथा भारी बोक्न समेत प्रयोग गरी फाईदा लिन सकिन्छ । मृत्यु पश्चात प्राप्त हुन जाने हाड छालाको उपयोगबाट उद्योगहरुमा कच्चा प्रदार्थ पूर्ति हुन्छ । पशुपन्छीहरुलाई दिइनुपर्ने पाँच वटा मुख्य मुख्य स्वतन्तत्राहरु जस्तैः पशुपन्छीहरुको भोग प्यासबाट मुक्तिको स्वतन्त्रता, दु खः दर्द घाईते र रोग लाग्नबाट बाच्ने स्वतन्त्रता, आरामदायि ढंगले जीउने स्वतन्त्रता, आफ्नो सामान्य ब्यवहार प्रस्तुत गर्न पाउने स्वतन्त्रता र डर त्रास र तनाबमुक्त रहन पाउने स्वतन्त्रताको कार्यान्वयन गरी पशुहरुको उत्पादन र उत्पादकत्वमा बृद्धि गर्ने सभ्य नागरीकको पहिचान दिलाउनका लागि शारदा नगरपालिका स्थानिय सरकारले बेवारिसे बुढिगाई तथा बाच्छाबाच्छीको ब्यवास्थापन तथा पशुजन्य उप उत्पादन जन्य गौशालाको सन्चालन तथा स्थापना उद्योग / सन्चालक समितिको सहकार्यमा गौशाला निर्माण तथा सन्चालनमा सहकार्य तथा ब्यवस्थापन जस्ता कार्यक्रमहरुलाई सरल सहज तथा ब्यवस्थित प्रभाबकारी र पार्दर्शि रुपमा कार्यान्वयन गर्न स्थानिय सरकार शारदा नगरपालिकाबाट पशु कल्याण प्रबर्द्धन सञ्चालन कार्यविधि २०७९ जारी गरिएको छ ।

**१. प्रारम्भिकः**

क) संक्षिप्त नाम र प्रारम्भः

१. यो कार्यविधिको नामः पशु कल्याण प्रबर्दन कार्यक्रम सञ्चालन कार्यविधि २०७९ रहेको छ ।

२. यो कार्यविधि स्थानिय सरकार शारदा नगरपालिकाबाट स्वीकृत भएपछि मात्र प्रारम्भ हुनेछ ।

**२. परिभाषाः "बिषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः**

क) प्रमुखः "भन्नाले नगरपालिकाको प्रमुखलाई संझनु पर्छ ।

ख) नगरपालिका भन्नाले सविधान बमोजिम स्थापना भएको नगरपालिका संम्झिनु पर्छ र सो शब्दले महानगरपालिका र उपमाहानगरपालिकालाई समेत जनाउँछ ।

ग) स्थानिय तहः " भन्नाले शारदा नगरपालिकालाई संझनु पर्ने छ ।

घ) स्थानिय तहः " स्थानिय तह भन्नाले गाउँपालिका वा नगरपालिका संम्झनु पर्छ र शब्दले जिल्ला सभालाई समेत जनाउँछ ।

ङ) वडा "भन्नाले गाउँपालिका वा नगरपालिकाको वडा संम्झनु पर्नेछ ।

च) कार्यविधिः "भन्नाले पशु कल्याण प्रबर्दन कार्यक्रम सञ्चालन कार्यविधि २०७९ सम्झनु पर्ने छ

**३. उदेश्यः**

१. छाडा तथा बेबारिसे पशुको ब्यवस्थापन तथा पुन उत्पादन गरी मूल्य श्रखलाको विकास गर्ने ।

२. पशु अधिकारको संरक्षण र संबर्दन गर्ने ।

३. मानबिय कार्यहरुबाट पशुपन्छीहरुमा पर्ने नकारात्मक असर न्यूनिकरण गर्ने ।

४. पशुजन्य उप उत्पादनहरुको उपयोगहरुबाट संभाब्य उद्योगहरुको स्थापना तथा संञ्चालनमा सहयोग गर्ने ।

४. कार्यक्रमको अबधिः यो" कार्यक्रमको अबधि हाललाई ५ बर्षको हुनेछ र आवश्यकता अनुसार समय अबधिलाई थप विस्तार गदै लान सकिने छ ।

५. कार्यक्रम सञ्चालनका लागि सझेदारको छनौट प्रकृया

५|१ बेवारिसे बुढि गाई बाच्छा बाच्छी ब्यवस्थापन तथा उप पदार्थ जन्य उद्योग स्थापना सहयोग कार्यक्रम सञ्चालनका लागि साझेदारको छनौट प्रकृया

क) नगरपालिकाले अनूसूचि १ बमोजिमको प्रस्ताबना आह्वान गर्ने छ ।

ख) अनूसूचि १ बमोजिम सूचना अनुसारको कार्याक्रममा सहभागि हुन इच्छुक समिति लगायत संस्थाहरुले र अनूसूचि २ अनुसारको ढाँचामा निबेदन र अनूसूचि ३ अनुसारको कार्ययोजना बनाई सम्बन्धित पालिकामा निबेदन दर्ता गर्नुपर्ने छ ।

ग) प्रकाशित सूचना अनुसार प्राप्त हुन आएका प्रस्ताबनाहरुको पालिकाको मुल्यांकन समितिले स्थलगत अध्ययन तथा निरीक्षण गरी प्रारम्भिक प्रतिबेदन सहित पालिकामा नगर प्रमुखलाई सिफारिस सहित पेश गर्नछ ।

घ) पालिकाकाले अन्तिम मुल्यांकन गरी आबेदकको छनौट गर्नेछ ।

५|२ सहकार्यमा मठ मन्दिरमा बाच्छा बाच्छी संरक्षण तथा ब्यवस्थापन कार्यक्रम

क) पालिकाकाले अनूसूचि १ बमोजिम प्रस्ताबना आह्वान गर्नेछ।

ख) अनूसूचि १ बमोजिम सूचना अनुसारको कार्याक्रममा सहभागि हुन इच्छुक समिति लगायत संस्थाहरुले र अनूसूचि २ अनुसारको ढाँचामा निबेदन र अनूसूचि ३ अनुसारको कार्ययोजना बनाई सम्बन्धित पालिकामा निबेदन दर्ता गर्नुपर्ने छ ।

ग) प्रकाशित सूचना अनुसार प्राप्त हुन आएका प्रस्ताबनाहरुको पालिकाको मुल्यांकन समितिले स्थलगत अध्ययन तथा निरीक्षण गरी प्रारम्भिक प्रतिबेदन सहित पालिकामा नगर प्रमुखलाई सिफारिस सहित पेश गर्नछ ।

घ) पालिकाकाले अन्तिम मुल्यांकन गरी आबेदकको छनौट गर्नेछ ।

५|३ अनुत्पादक गाई पुनउत्पादन तथा बाच्छा बाच्छी संरक्षण कार्यक्रम

क) पालिकाकाले अनूसूचि १ बमोजिम प्रस्ताबना आह्वान गर्नेछ।

ख) अनूसूचि १ बमोजिम सूचना अनुसारको कार्याक्रममा सहभागि हुन इच्छुक समिति लगायत संस्थाहरुले र अनूसूचि २ अनुसारको ढाँचामा निबेदन र अनूसूचि ३ अनुसारको कार्ययोजना बनाई सम्बन्धित पालिकामा निबेदन दर्ता गर्नुपर्ने छ ।

ग) प्रकाशित सूचना अनुसार प्राप्त हुन आएका प्रस्ताबनाहरुको पालिकाको मुल्यांकन समितिले स्थलगत अध्ययन तथा निरीक्षण गरी प्रारम्भिक प्रतिबेदन सहित पालिकामा नगर प्रमुखलाई सिफारिस सहित पेश गर्नछ ।

घ) पालिकाकाले अन्तिम मुल्यांकन गरी आबेदकको छनौट गर्नेछ ।

५|४ सहकार्यमा पशु कल्यान प्रबर्दन कार्यक्रम

क) पालिकाकाले अनूसूचि १ बमोजिम प्रस्ताबना आह्वान गर्नेछ।

ख) अनूसूचि १ बमोजिम सूचना अनुसारको कार्याक्रममा सहभागि हुन इच्छुक समिति लगायत संस्थाहरुले र अनूसूचि २ अनुसारको ढाँचामा निबेदन र अनूसूचि ३ अनुसारको कार्ययोजना बनाई सम्बन्धित पालिकामा निबेदन दर्ता गर्नुपर्ने छ ।

ग) प्रकाशित सूचना अनुसार प्राप्त हुन आएका प्रस्ताबनाहरुको पालिकाको मुल्यांकन समितिले स्थलगत अध्ययन तथा निरीक्षण गरी प्रारम्भिक प्रतिबेदन सहित पालिकामा नगर प्रमुखलाई सिफारिस सहित पेश गर्नछ ।

घ) पालिकाकाले अन्तिम मुल्यांकन गरी आबेदकको छनौट गर्नेछ ।

६. कार्यक्रमको लागि स्थान छनौटका आधारहरुः

पशु कल्याण प्रबर्द्न कार्यक्रम सञ्चालन गर्न स्थान तथा क्षेत्रहरुको छनौट देहायका आधारमा गरिनेछ ।

१. कुनै पनि समिति उद्योग तथा संस्थाहरुले गौशाला तथा पशु स्याहार संचालनका लागि प्रशस्त मात्रामा चरीचरण तथा पानीको प्राप्तता भएको क्षेत्र वा स्थान हुनुपर्ने ।

२. यस पालिकामा दर्ता भई संञ्चालनमा आएका पशुपालन फार्म तथा पशुपालन समिति वा समुहरुलाई प्राथमिकतामा राखिनेछ ।

३. अब्यवस्थित रुपमा अनुत्पादक बुढि गाई तथा बाच्छा बाच्छीहरु छोडि सर्व साधारणहरुलाई समस्या पुर्याएको र त्यसलाई ब्यवस्थापन गर्ने इच्छुक संस्था उद्योग समिति तथा फार्म भएको क्षेत्र ।

४. बेवारिसे जनाबरलाई संरक्षण गरी तिनिहरुको उप उत्पादनबाट उद्योग स्थापना गर्न सकिने छ ।

७. मूल्यांक समिति गठनः प्रस्ताबकको मूल्याकंनका लागि तपशिल अनुसारको मुल्यांकन समिति रहने छ ।

| | |
|---|---|
| १. उप प्रमुख | संयोजक |
| २. पशु सेवा शाखा | सदस्य |
| ३. सम्बन्धीत वडा अध्ययक्ष | सदस्य |
| ४. योजना शाखा | सदस्य |
| ५. प्रमुख प्रशासकिय अधिकृत | सदस्य सचिब |

नोटः आबश्यकता अनुसार आमन्त्रित सदस्यहरु थप गर्न सकिने छ ।

८. सेवा सञ्चालन प्रक्रियाः यस कार्यक्रम बमोजिमको सेवा सञ्चालन गर्ने प्रकृया देहाय बमोजिम हुनेछ ।

१. पालिका र छनौट भएका सांझेदार संस्था वा समिति बिच अनूसूचि ५ अनुसार संझौता गरी कार्यक्रम सञ्चालन गरिनेछ

२. पालिकाकाले साझेदारबाट पेश भएको प्रस्ताबित कार्यक्रम तथा बजेट विनियोजित रकम एंव कार्य प्रगतिका आधारमा कम्तिमा २ किस्तामा प्रदान गर्ने गरि स्विकृत गर्नेछ ।

३. स्विकृत भएको रकम सम्बन्धीत साझेदार समिति वा संस्थाको नाममा खोलिएको बैकं खातामा जम्मा गरिदिने छ ।

४. साझेदार संस्था वा समितिले कार्यको प्रगति विवरण आय ब्यय विवरण हरेक चौमाषिक रुपमा पालिकामा वा सम्बन्धित वडा कार्यालयमा अनूसूचि ६ बमोजिमको ढाँचामा पठाउनु पर्नेछ ।

५.अनुदानको रकम बेवारिसे गाई बाच्छा बाच्छी लगायत अनुत्पादक पशुहरुको ब्यवस्थापन बाच्छा बाच्छी संरक्षण पुनउत्पादन गर्नका लागि आवश्कय भौतिक पुर्वाधार सर सफाई  जैविक सुरक्षा गंहुत मल दुध लगायतको ब्यावसायिक उपयोग गर्ने प्रबिधि बायोग्यांस प्लान्ट स्थापना स्थानिय पशुका जातको संरक्षण र उन्नत प्रबिधिबाट पशुपालनलाई अगाडी बढाउने गरी पेश भएका कार्ययोजना बमोजिम साझेदार हुने शर्तमा खर्च गर्नु पर्नेछ ।

६. कार्यक्रमको अभिमुखिकरण तथा अनुगमन पालिका लगायत सम्बन्धीत पशु सेवा शाखाबाट नियमित रुपमा गरिने छ

९. आर्थिक नर्मसः बार्षिक स्विकृत कार्यक्रमको परिधि भित्र रहि सांझेदार संग संझौता गरेको कार्य योजना बमोजिम खर्च गरिनेछ ।

१०. आर्थिक प्रशासन सेवाः कार्यक्रमको लेखा लेखापरीक्षण तथा आर्थिक कारोबार गर्दा आर्थिक कार्यविधि एन २०५५ आर्थिक कार्यविधि नियमावलि २०६४ सार्वजनिक खरिद एन २०६३ तथा सार्वजनिक खरीद नियमावलि २०६४ बमोजिम गरिनेछ ।

११. अनुगमण मूल्यांकन तथा प्रतिबेदन सम्बन्धि ब्यवस्थाः

यस कार्यक्रमको अनुगमन पालिकाले गर्नेछ र सोको मासिक प्रगति र प्रतिबेदन सम्बन्धित पालिकामा पठाउनु पर्नेछ । प्रगति प्रतिबेदन मार्षिक चौमाषिक तथा बार्षिक रुपमा प्रतिबेदन लगायतका उपलब्धीहरु पालिकामा पठाउनु पर्नेछ ।

१२. थपघट वा हेरफेर गर्न सक्नेः

१.यो कार्यविधिको कार्यान्वयनलाई थप ब्यवस्थित र प्रभाबकारी बनाउन पालिकाकाले आवश्यकता अनुसार यस कार्यविधिमा थपघट हेरफेर तथा खारेज समेत गर्न सक्नेछ ।

२. यस कार्यविधिको कार्यान्वयनमा कुनै बाधा अबरोध र अस्पष्टता आएमा त्यस्तो बाधा अबरोध फुकाउने प्रयोजनका लागि पालिकाकाले आवश्यकता अनुसार ब्याख्या गर्न सक्नेछ ।

## अनूसूचि १

## सूचना

पालिकाको आ ब २०७९।०८० को बार्षिक स्विकृत कार्यक्रम अनुसार पशु कल्याण प्रबर्द्न कार्यक्रम प्रभाबकारी ढंगले संञ्चालन गर्ने सांझेदारीको अबधारणा अनुरुप पशु कल्याण आबद् संस्था संगको सहकार्यकमा सम्बन्धित संस्थाबाट प्रस्ताब आह्वानको लागि यो सूचना प्रकाशित गरीएको छ । इच्छुक समिति संस्थाले यो सूचना प्रथम पटक प्रकाशन भएको मितिले ३० दिन भित्र तोकीएको ढाँचा अनुसारको आबेदन फारम र परियोजना प्रस्ताब यस कार्यालयमा पेश गर्नुहोला। बिस्तृत जानकारीका लागि शारदा नगरपालिका वा सम्बन्धीत शाखामा सम्पर्क राख्ननु हुन अनुरोध छ।

आबेदनका साथ तपसिल अनुसारका कागजातहरु संलग्न गर्ने समेत यसै सूचनाद्धरा सूचित गरिन्छ ।

१. अनूसूचि १ अनुसारको आबेदन फारम

२. अनूसूचि ३ अनुसारको संक्षिप्त कार्ययोजना

३. नेपाली नागरीकताको प्रमाणित प्रतिलिपि

४. संघ/ संस्था संग आबद् सदस्यहरुको प्राप्त गरेको अन्य प्रमाण पत्रहरु तालिम शैक्षिक योग्यता आदि का प्रमाणित प्रतिलिपिहरु

५. कार्यक्रमको लागि छनौट भएमा संघ। संस्थाका सदस्यहरुबाट कार्यान्यन गर्ने प्रतिबद्ताको निर्णयको प्रतिलिपि ।

## अनूसूचि २

## पशु कल्याण प्रबर्द्न कार्यक्रम सञ्चालनको लागि दिईने आबेदन पत्रको फारम

श्री प्रमुख प्रशासकिय अधिकृत ज्यू
शारदा नगरपालिका सल्यान ।

बिषयः  पशुकल्याण प्रबर्द्न कार्यक्रम सञ्चालनको लागि छनोट हुन पाउँ भन्ने बारे ।

महोदय

यस शारदा नगरपालिकाको मिति २०७९ /   /   मा प्रकाशित सूचना अनुसार ...................समिति को तर्फबाट उक्त कार्यक्रममा सहभागि हुने इच्छा भएकोले तपसिल अनुसारको कागजात राखी यो निबेदन पेश गरेका छौ । उक्त कार्यक्रम प्राप्त भएमा यस सम्बन्धी सम्झौता तथा मापदण्डमा उल्लेख भए अनुसार कार्यक्रम संञ्चालन गर्नेछौ र यस कार्यक्रमको लागि गरिएको संम्झौता तथा मापदण्ड विपरित गरेको पाइएमा प्रचलित कानून बमोजिम कारबाहिको भागिदार हुन मञ्जुर रहेको ब्यहोरा समेत अनुरोध गर्दछौ ।

पुनश्चः आबेदन साथ तपसिल अनुसारको कागजातहरु यसै निबेदनका साथ संलग्न राखेको ब्यहोरा समेत अनुरोध गर्दछु ।

तपसिल

१. अनूसूचि ३ अनुसारको संक्षिप्त कार्ययोजना

२. समितिको बैठकबाट पास भएको निर्णयको प्रतिलिपि

३. संस्था वा समिति सम्बन्धित निकायमा दर्ता भएको प्रमाण प्रत्रको प्रतिलिपि

४. संस्था वा समितिसंग आबद् सदस्यहरुले प्राप्त गरेको अन्य प्रमाण पत्रहरु तालिम शैक्षिक योग्यता आदि का प्रमाण पत्रहरुको प्रतिलिपि

६. संस्था वा समितिको सदस्यहरुबाट कार्यान्वयन गर्ने प्रतिबद्ताको निर्णयको प्रतिलिपि

निबेदन दिने संस्थाको तर्फबाट दिने

संस्था/समितिको तर्फबाटः

पदः

संस्थाको ठेगानाः

मितिः

संस्थाको छापः

## अनूसूचि ३

## पशु कल्याण प्रबर्दन कार्यक्रम सन्चालनको लागि संक्षिप्त कार्ययोजना

**संस्था / समितिको नामः**

**संस्था / समितिको ठेगानाः**

**स्थानियत तहः**...................................... **वडा नं**......... **गाउ टोल**................

**संस्था / समिति दर्ताको प्रमाण पत्र नं र संस्था दर्ता गर्ने कार्यालयको नाम ठेगानाः**

**संस्थाले हालसम्म गरेका उल्लेखनिय कामहरुः**

**खाता संचालन गरिने बैंकको नाम र खाताबालाहरुको नामः**

**कार्य योजनाको प्रस्ताबनाः**

**उदेश्यहरु**

**क** )

**ख** )

**ग** )

**रकमको आबश्यकता**

| | पूजिगत तर्फ गरिने कृयाकलापहरु | | | चालु तर्फ गरिने कृयाकलापहरु | | |
|---|---|---|---|---|---|---|
| क्र स | कृयाकलापहरु | कुन महिनामा गर्ने | कति रकम चाहिन्छ रु | के गर्ने | कुन महिनामा गर्ने | कति रकम चाहिन्छ रु |
| १ | | | | | | |
| २ | | | | | | |
| ३ | | | | | | |
| ४ | | | | | | |
| ५ | | | | | | |
| ६ | | | | | | |
| ७ | | | | | | |
| ८ | | | | | | |
| ९ | | | | | | |

**संस्था/ समितको तर्फबाट ब्यहोर्ने**

**सम्बन्धीत पालिका संग माग गरिएको रकमः**

**संस्था/ समितिको तर्फबाट सहि गर्नेको**

**नामः** **संस्था समितिको छाप**

**पदः** **मितिः**

**ठेगानाः**

**दस्तखतः**

## अनूसूचि ४

**कार्यक्रम संचालनका लागि संस्था/ समितिको छनौट गर्दा अपनाईने मुल्याकनका आधारहरु**

| क्र स | दर्ता नं | आबेदक संस्था /समितिको नाम | ठेगाना | कार्य योजना (५० ) | ब्यवसायको सम्भाब्यता तथा उपयुक्तता (२५ ) | अनुभब तालिम (२५) | कुल प्राप्तांक ( १०० ) |
|---|---|---|---|---|---|---|---|
| १ | | | | | | | |
| २ | | | | | | | |
| ३ | | | | | | | |
| ४ | | | | | | | |
| ५ | | | | | | | |

**गोठ लगायतको पशुबस्तु बस्ने सूरक्षित भौतिक पूवार्धार भएकोमा १५ अंक पशु आहारको स्रोत र उपलब्धतामा १५ अंक र कार्य योजनाको बस्तुगत मूल्यांकनमा २० अंक दिईनेछ ।**

**मूल्याकंन समितिको पदाधिकारीहरुको**

**नाम थरः पदः कार्यालय ठेगानाः दस्तखतः**

**१ )**

**२ )**

## अनूसूचि ५

## संझौता पत्रको नमुना पत्र

शारदा नगरपालिका खलंगा सल्यानको सहयोगमा संचालन गरिने पशु कल्याण प्रबर्द्न कार्यक्रमको उदेश्य अनूरुपको उपलब्धी हासिल गर्ने (यस पछि पहिलो पक्ष भनिने) र ..................................संघ ।संस्था । समिति (यस पछि दोस्रो पक्ष भनिने) का विच तपसिलमा उल्लेखित शर्तहरुको अधिनमा रहि पशु कल्याण प्रबर्दन कार्यक्रम संचालन गर्न द्पक्षिय संम्झौता सम्पन्न भयो ।

१. दोस्रो पक्षले हरेक बर्ष आफनो संस्थामा रहेका पशु कल्याण संग सम्बन्धित समस्याहरुको पहिचान गरी प्राथमितकताको आधारमा आबश्यक पर्ने कार्यक्रम तथा बजेटहरु तर्जुमा गरी पहिलो पक्ष समक्ष प्रस्ताब गरेर स्विकृतीभए अनुसारको कार्यक्रम सञ्चालन गर्नुपर्नेछ ।

२. दोस्रो पक्षले संस्थाको निर्णय अनुसार कारोबार हुने गरी नेपाल सरकारबाट स्वीकृत प्राप्त नजिकको कुनै बैंकमा खाता खोल्नु पर्नेछ र दोस्रो पक्षले प्रथम पक्षबाट स्वीकृत कार्यक्रम संञ्चालन गरि खर्चको भुक्तानि दिएको सक्कलै निस्सा प्रमाण पत्र सहित पेश हुन आएमा सम्बन्धित कार्यालयको प्रमुख वा निजले खटाएको सम्बन्धित अधिकृतले स्थलगत निरिक्षण गरी प्रमाणित भए पछी मात्र कार्य प्रगतिको आधारमा विनियोजित भएको रकम कम्तिमा २ किस्तमा उक्त खातामा जम्मा गरि दिईनेछ ।

३. प्रथम पक्षले दोस्रो पक्षलाई असल ब्यवस्थापन बिधि बमोजिम कार्यक्रम संचालनको लागि सरोकारवाला नियकायसंग समन्वय गरी विनियजित बजेटको परिधिभित्र रहि २ बर्ष वा बढिमा ५ बर्षसम्म सहयोग उपलब्ध गराई कार्यान्वयन गराउन सक्नेछ ।

४. दोस्रो पक्षले स्वीकृत कार्ययोजना अनूरुप कार्यान्वयनको लागि मात्र खर्च गर्नु पर्नेछ र सो को अद्याबधिक प्रगति तयार गरी हरेक चौमाषिकमा प्रथम पक्षलाई उपलब्ध गराउनु पर्नेछ ।

५. दोस्रो पक्षले पशुपालन ब्यवस्थापन र कल्याण प्रबर्द्नका लागि गरिने सम्पुर्ण कार्यहरुको अभिलेख विवरण राखि अद्यावधिक गरिरहुनुपर्नेछ।

६. पहिलो पक्षको कार्यक्रम अबधि समाप्त भए पछी पनि दोस्रो पक्षले कार्यक्रमलाई निरन्तरता दिनुपर्नेछ ।

७. पहिलो पक्षको कार्यक्रम अवधि समाप्त भए पछी दोस्रो पक्षले कार्यक्रमलाई निरन्तरता दिनुपर्नेछ।

८. दोस्रो पक्षले यस कार्यक्रमको लाग गरिएको सम्झौता तथा मापदण्ड विपरीत गरेको पाईएमा कानुन बमोजिम कारवाहिको भागेदार हुनुपर्ने छ ।

९.दोस्रो पक्ष ले पहिलो पक्ष संग गरेको संझौता बमोजिम कामकाजमा लापर्वाही गरेको पाईएमा तत्काल गरीएको संझौता रद्द गर्न सकिने छ।

| | |
|---|---|
| प्रथम पक्ष | दोस्रो पक्ष |
| सम्बन्धीत कार्यालयको तर्फबाट सहि गर्ने | संस्था/समितिको तर्फबाट |
| नामः | नामः |
| पदः | पदः |
| दस्तखतः | दस्तखतः |
| मितिः | मितिः |
| कार्यालयको छापः | संस्था /समितिको छापः |
| रोहबर | रोहबर |
| नामः | नामः |
| पदः | पदः |

अनूसूचि ६

प्रगति विवरण पठाउने फारमको ढाँचा

.............................चौमासिक / बार्षिक प्रगति

१ संस्था/ समितिको नामः ............................ स्थानिय तहः ................वडा नं...... गाँउ टोल ................

ठेगानाः ..........................................................

२ आ ब २०७९।८० ३ चौमासिक ४ प्रगति प्रतिबेदन अबधिः

| क्र स | कार्यक्रमको विवरण | इकाई | बार्षिक लक्ष्य | बार्षिक बजेट | चौमासिक लक्ष्य | चौमासिक बजेट | चौमासिक प्रगति | चौमासिक खर्च | हालसम्मको प्रगति | हाल सम्मको खर्च कैफियत | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | | | | | | | | | | | |
| २ | | | | | | | | | | | |
| ३ | | | | | | | | | | | |
| ४ | | | | | | | | | | | |
| ५ | | | | | | | | | | | |
| ६ | | | | | | | | | | | |
| ७ | | | | | | | | | | | |
| ८ | | | | | | | | | | | |
| ९ | | | | | | | | | | | |
| १० | | | | | | | | | | | |
| ११ | | | | | | | | | | | |
| १२ | | | | | | | | | | | |

बित्तिय प्रगति ...........% भारित प्रगति .................%